गोदावरी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बज्रबराही, ललितपुर

प्रदेश नं ३

**आन्तरिक आय:- गोदावरी नगरपालिका वडा न. १० साबिक चपागाउ ६ क २ कि.न. १६४ मा अन्तर्राष्ट्रिय मापदण्डको बहुउदेशिय रंगशाला (stadium) खेल्कुद मैदान निर्माणधीन स्थलमा उत्खनन भएको ढुङ्गा बिक्रि गर्ने सम्बन्धी ।**

<u>बोलपत्र आह्वानको सार्वजनिक सूचना</u>

दोस्रो पटक प्रकाशित मिति २०७५/११/०४

यस गोदावरी नगरपालिकाबाट आर्थिक वर्ष ०७५७६ मा **आन्तरिक आय:- गोदावरी नगरपालिका वडा न. १० साबिक चपागाउ ६ क २ कि.न. १६४ मा अन्तर्राष्ट्रिय मापदण्डको बहुउदेशिय रंगशाला (stadium) खेल्कुद मैदान निर्माणधीन स्थलमा उत्खनन भएको ढुङ्गा बिक्रि गर्नेको लागि** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा (२) घ ६ बमोजिम ढुङ्गा गिट्टी. बालुवा.माटो. काठ दाउरा. जराजुरी. स्लेट. आदि प्राकृतिक एब खानीजन्य बस्तुको बिक्रि तथा निकासी शुल्क दस्तुर संकलन सम्बन्धी ब्यवस्थाभए बमोजिम यस नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको निर्णय र नगर कार्यपालिकाको निर्णय भए बमोजिम बहुउदेशिय रंगशाला निर्माणधीन स्थलमा उत्खनन भएको ढुङ्गा बिक्रि गर्ने ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित नेपाल सरकारको कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका इच्छुक ठेकेदार/फर्म. नेपाली नागरिक समेतले बोलपत्र सूचना प्रकाशित भएको मितिले २०७५/११/२१ गते भित्र यस कार्यालयबाट खरिद गरी उल्लिखित आधारमा कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफैं वा आफ्नो प्रतिनिधिमार्फत मिति २०७५/११/२२ गते दिनको १२:०० बजेसम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ। रित पुर्बक दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरू मिति २०७५/११/२२ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा हुनेछ। बोलपत्रको साथमा ठेक्का कबुल अङ्कको कम्तिमा ५% ले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट बोलपत्र दाखिला गर्ने अन्तिम दिन बाट (१२०) एक सय बिस दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नुपर्नेछ। उल्लिखित ठेक्काका दररेट र शर्तहरू बोलपत्र फाराममा सलग्न गरिनुका साथै सूचना पाटी तथा वेवसाइट (www.godawarimun.gov.np) मा समेत टॉस गरिनेछ। कारण जनाई वा नजनाईबोलपत्र स्वीकृत गर्ने. नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकासॅग सुरक्षित रहनेछ। सिलबन्दी बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन साथै ठेक्कामा कुनै विवाद भएमा यस नगर कार्यपालिकाको अन्तिम निर्णय हुनेछ ।

| सूचना नं. | मालवस्तुको विवरण | न्यूनतम ठेक अङ्क (मू.अ. कर बाहेक) | टेण्डर फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०४/आन्तरिक आय/०७५/७६ | आन्तरिक आय:- गोदावरी नगरपालिका वडा न. १० साबिक चपागाउ ६ क २ कि.न. १६४ मा अन्तर्राष्ट्रिय मापदण्डको बहुउदेशिय रंगशाला (**stadium**) खेल्कुद मैदान निर्माणधीन स्थलमा उत्खनन भएको ढुङ्गा बिक्रि गर्ने सम्बन्धमा **(करिब २१०००.०० घनमिटर परिमाण)** | रु. १,००,००,०००/- (एक करोड मात्र) | रु. ३०००/- | |

<u>बोलपत्र पाइने तथा पेश गर्ने स्थान:</u>
गोदावरी नगरपालिका. नगरकार्यपालिकाको कार्यालय. बज्रबराही. ललितपुर

<u>खाताको विवरण:</u>
*राजस्व खाता नं.: - ४१४१४९७८६५५२४००१*
*बैङ्क: - NIC ASIA,Chapagau, Bajarbarahi, Lalitpur*
*धरौटी खाता नं.: -*
*ग-३- ०१८०३००००००००३०००००४१*
*बैङ्क: - नेपाल बैङ्क लिमिटेड, गावहाल, ललितपुर*

<u>थप जानकारीको लागि:</u>,
गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बजरब्राही ललितपुर
०१-५५७२५९२